## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

# विज्ञापन कर तथा सडक मर्मत सम्भार शुल्क संकलनको बढाबढ सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०७/०८

पाँचखाल नगरपालिकाको आर्थिक ऐन २०७६ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र विज्ञापन कर तथा सडक मर्मत सम्भार शुल्क संकलनको कार्य दुई पटक ठेक्का आव्हान गर्दा समेत ठेक्का नपरेको हुँदा मिति २०७६/०६/१३ गते बसेको कार्यपालिकाको बैठक अनुसार बढाबढ मार्फत गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही बढाबढ बोल कबोलमा सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ।

**ठेक्काको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बढाबढ खोल्ने मिति | समय | स्थान | न्युनतम वार्षिक कबोल अंक (मुअक बाहेक) | कै |
|---|---|---|---|---|---|---|---|
| १ | PMIR/01/2076/077 | पाँचखाल नगर क्षेत्र भित्र विज्ञापन कर संकलन गर्ने | २०७६/०७/१५ | बिहान ११:०० बजेदेखि दिउसो १:०० बजेसम्म | पाँचखाल नगरपालिका कार्यालय | रु.१,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ मात्र) | |
| २ | PMIR/02/2076/077 | १. तामाघाट-शिखरपुर २. तामाघाट-बोहोरेदोभान ३. तिनपिप्ले-शेराबेशी ४. समाजकल्याण-अनैकोट सडक खण्डमा सडक मर्मत सम्भार शुल्क संकलन गर्ने। | २०७६/०७/१७ | बिहान ११:०० बजेदेखि दिउसो १:०० बजेसम्म | पाँचखाल नगरपालिका कार्यालय | रु.२०,००,०००/- (बीस लाख रुपैयाँ मात्र) | |

**शर्त बन्देजः**

१. यस सम्बन्धी बढाबढमा रु. १,०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट निवेदन दर्ता गर्न सकिने छ। मिति २०७६/०७/१४ गते साँझ ४:०० बजेसम्म निवेदन दर्ता गर्न सकिनेछ।

२. बढाबढ डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको १० प्रतिशत धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि. पाँचखाल शाखामा रहेको धरौटी खाता नं. १२४०३००००००००४००१००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको डाँक बढाबढ दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक जमानतको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।

३. न्यूनतम अंकबाट डांक बढाबढ सुरु गरी अन्तिम समय समाप्त भए पश्चात् तत्कालै सबैभन्दा बढी अंक डाँक कबोल गर्नेको डाँक नियमानुसार धरौटी लिई तत्कालै स्वीकृत गरिनेछ।

४. स्वीकृत डाँक बढाबढवालाले आफुले कबोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ। यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५% ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारी गरेको मिति २०७७ साल साउन १० गतेसम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

भरतपुर,
क्लब नाराय
जेसिज विका
प्रतियोगिताको
भएको प्रतिस्प
क्लबलाई १-
फाइनलमा पुग
गोलरहित बरा
खेलको
याक्खाले गो

## धितोमा र

यस वित्तीय संस्थ
पटक तर-ताकेता
तथा वित्तीय संस
अवस्था र परिमा
(पन्ध्रौं) दिन सम
लपत्र १६ औं (
खुला भएको दिन
धितो राखेको स
जानकारीको लाग
तपसिलः

ऋणी
ऋणीः बलदेव
बाबुः सोनेलाल
बाजेः सुन्दर दे
ठेगानाः साविक
भलुवा-३, सुन
मालपोत कार्या
२१४ को क्षेत्रप

## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय